## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ (गोदावरी) संख्या : ३१ मिति : २०७७/०९/०२

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७७/८/२१**

**प्रमाणीकरण मिति :२०७७/९/१**

## आर्थिक सहायता कार्यविधि, २०७७

**प्रस्तावना:** गोदावरी नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई अपेक्षित परिणाम हासिल गर्न, तथा गोदावरी नगरपालिका कोषको सही सदुपयोग तथा परिचालन गर्न र सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले ,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: यस कार्यविधिको नाम गोदावरी नगरपालिका आर्थिक सहायता वितरण कार्यविधि, २०७७ रहनेछ। यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

गोदावरी नगरपालिका

(क) "आर्थिक सहायता" भन्नाले कुनै पनि किसिमको दैविक वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको व्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउँछ ।

(ख) "दैवि विपत्ति" भन्नाले भुकम्प, बाढी, पहिरो, चट्याङ, हुरी, बतास, असिना, शितलहर, तातो हावाको लहर जस्ता प्रकोप भन्ने बुझाउँछ ।

(ग) "मानवीय विपत्ति" भन्नाले मानिसका कारणबाट भएको आगलागी, महामारी, हुलदंगा, जल, औद्योगिक दुर्घटना, विषाक्त खाद्य सेवन, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट जस्ता विपत्ति भन्ने बुझाउँछ ।

(घ) "दीर्घ रोग" भन्नाले क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धी रोग र एच आई भी एड्स आदि जस्ता रोग बुझाउँछ ।

## परिच्छेद-२

## सहायता रकम

३. संकटहरु पूर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदै अपनाउँदै समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केहिमात्रामा भएपनि राहत पुग्ने महशुस गर्दै तपशिल अनुसारको शीर्षकमा तपशिल अनुसारको आर्थिक सहायता नगर प्रमुखको आदेश बमोजिम रु. पाँच सय देखी रु. दश हजार सम्म नगद वा जिन्सी मालसामान प्रदान गरिनेछ । सो भन्दा बढी रु. २५ हजार सम्मको आर्थिक सहायता कार्यपालिका बैठकको निर्णयानुसार प्रदान गर्न सकिनेछ । घटनाको प्रकृति हेरी रु. १० हजार भन्दा माथि आर्थिक सहायता प्रदान गर्दा विपद् व्यवस्थापन समिति र सामजिक विकास समितिको सिफारिस पेश गर्नु पर्नेछ ।

क. <u>मृत्यु भएमा मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी</u>

| कारण | सहायता गर्न सकिने रकम |
|---|---|
| आगलागी | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| दुर्घटना (करेन्ट, चट्याङ, साधन तथा औजारबाट) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| रुख, खोलानाला, भीरपहिरो आदि | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| दैवी प्राकृतिक विपत्ति | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| बेवारिसे मानिस (बाहिरबाट आएको वा न.पा. भित्रको ठाउँ ठेगाना खुल्ने गरी बाहिर गएर मरेको) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| गो.न.पा. क्षेत्रभित्र को वैदेशिक रोजगारका क्रममा मृत्यु भएको व्यत्ति | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| विषालु पदार्थ सेवन (जस्तै पानीमा वीष परेको) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| जनावरबाट क्षति मनासिब क्षत्ति भए | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |

<u>वितरणका आधारहरु</u>:

(क) प्रहरी सर्जमिन मुचुल्का

(ख) प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारिस पत्र

(ग) निवेदन

(घ) सम्भव भए सम्म तस्बीर (फोटो)

ख. घाइते तथा उपचारको क्रममा रहेको

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भीर | सामान्य |
| जनावर आतङ्क | बढीमा रु.१०,०००।- | बढीमा रु.२००० देखि रु.५,०००।- |
| आगलागी | बढीमा रु.१०,०००।- | बढीमा रु.२००० देखि रु.५,०००।- |
| बाढी पहिरो | बढीमा रु.१०,०००।- | बढीमा रु.५,०००।- |
| हुरी बतास | बढीमा रु.१०,०००।- | बढीमा रु.५,०००।- |
| चट्याङ | बढीमा रु.१०,०००।- | बढीमा रु.५,०००।- |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | बढीमा रु.१०,०००।- | बढीमा रु.५,०००।- |

वितरणका आधारहरु:

(क) बिरामी दर्ता पूर्जा (prescription)

(ख) प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र

(ग) सम्बन्धित बिरामी वा संरक्षकको निवेदन

ग. गम्भीर प्रकृतिक रोगीहरु (रोगी उपचारको क्रममा हुनुपर्ने)

| रोगको प्रकारहरु | सहायता गर्न सकिने रकम |
|---|---|
| क्यान्सर | बढीमा रु.१०,०००।- |
| मृगौला | बढीमा रु.१०,०००।- |
| मुटु | बढीमा रु.१०,०००।- |
| एच आई भी एड्स | बढीमा रु.७,०००।- |
| दम | बढीमा रु.२,५००।- (वीमा प्रोत्साहनको लागि विपन्न परिवारका लागि मात्र) |
| मधुमेह | बढीमा रु.२,५००।- |
| उच्च रक्तचाप | बढीमा रु.२,५००।- |
| पत्थरी | बढीमा रु.२,५००।- |
| छाला तथा नसा रोगी | बढीमा रु.१०,०००।- |

वितरणका आधारहरु:

(क) बिरामी दर्ता पूर्जा (prescription)

(ख) प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस

(ग) सम्बन्धित बिरामी वा संरक्षकको निवेदन

४. माथि उल्लेखित विषयमा नपरेका वा छुट भएका जुनसुकै विषयहरु आएमा र नगर प्रमुखलाई मनासिब लागेमा नगर प्रमुखको आदेशबाट रु.२,५००।- (पच्चीस सय) सम्म भुक्तानी दिन सकिनेछ ।

## परिच्छेद-३
## समयावधि

५. विपद्ले जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा पारेको प्रतिकुल असर/प्रभावहरुलाई कम गर्न र दैनिक जीवनयापनमा केही हदसम्म सहजता ल्याउन नियमानुसार राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धित पीडितलाई उपलब्ध गराइनेछ ।

## परिच्छेद-४
## विविध

६. यो कार्यविधि का कुनै दफाहरु संघिय, प्रदेश कानुन संग बाँझिएमा उक्त दफा बाँझिएको हद सम्म अमान्य हुनेछ ।

७. यस अधि प्रदान गरिएको आर्थिक सहायतता यसै कानुन बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले**

**देवराज जोशी**
**प्रमुख प्रशासकीय अधिकृत**



गोदावरी नगरपालिका